लामो सेवा
निगम

सफाई सम्बन्धि उद्योगको ठेक्का

# लामो सेवा र तपाई



## लामो सेवा विदा भनेको के हो ?

लामो सेवा विदा भनेको अधिकांश NSW कामदारहरुको लागि उपलब्ध सुविधा हो जहाँ १० वर्षसम्म एकै रोजगारदातासंग काम गरे वापत दुई महिनाको तलबी विदा दिइन्छ र पहिलो १० वर्ष पछि हरेक पाँच वर्षमा एक महिनाको तलबी विदा दिइन्छ ।

## सफाई सम्बन्धि उद्योग किन फरक छ ?

सफाई सम्बन्धि उद्योगमा एकै रोजगारदातासंग १० वर्ष सम्म काम गरी रहने कुरा असामान्य मानिन्छ । पोर्टेबल लामो सेवा सम्बन्धि योजनाको स्थापना समान सुविधामा सफाई कामदारहरुको पनि पहुँच सुनिश्चित गर्न गरिएको थियो ।

## लामो सेवा निगम भनेको के हो ?

लामो सेवा निगम भनेको NSW सरकारको एउटा वैधानिक निकाय हो जसले सफाई सम्बन्धि ठेक्का र निर्माण उद्योगमा कार्यरत कामदारहरुको लागि पोर्टेबल लामो तलबी सेवा सम्बन्धि योजनाहरुको व्यवस्थापनको जिम्मेवारी लिएको हुन्छ ।

## पोर्टेबल लामो सेवा भन्नाले के बुझिन्छ ?

पोर्टेबल लामो सेवा भनेको तपाईको लामो सेवाको अभिलेख एक रोजगारदातासंग मात्र सिमित नभई NSW को सफाई सम्बन्धि उद्योगहरुमा आधारित हुन्छ । यसको अर्थ जबसम्म तपाई सफाई सम्बन्धि उद्योगहरुमा काम गरिरनुहुन्छ तपाईले जति संस्थाहरुको लागि काम गरे पनि तपाईको लामो सेवाको हकदारीहरु भने बढ्दै जानेछ ।

**तसर्थ तपाईले आफ्नो वार्षिक विवरण जाँच गरिरहनु एकदमै महत्वपूर्ण हुन्छ र यो सुनिश्चित गर्नुहोस् कि तपाईको सम्पर्क विवरणहरु सधैं अद्यावधिक हुनेछ ।**

## त्यसको लागि कति खर्च लाग्नेछ ?

ज्यालामा काम गर्ने कामदारहरुको यो योजनामा कुनै पनि खर्च लाग्दैन किनभने उद्योगको नियोक्ता र ठेक्केदारहरुले यसमा लाग्ने करहरुको भुक्तानी गरेका हुन्छन् ।

## मैंले कहिले विदा लिन सक्छु ?

तपाईले जब निम्न कुराहरु आर्जित गर्नुहुन्छ तब तपाईले लामो सेवा निगममा कम्तिमा दुई हप्ता लामो सेवाको लागि आवेदन दिन सक्नुहुनेछ :

- १० वर्षको पुरा अभिलिखित सेवा;
- पहिलो १० वर्ष पछिको प्रत्येक ५ वर्षमा;
- यदि तपाईसंग ५ वर्षको अभिलिखित सेवा छ र तपाईले लामो सेवा विदा ऐन १९५५ अन्तर्गत आफ्नो रोजगारदातासंग लामो सेवाको लागि हकदारी पनि आर्जित गर्नु भएको छ भने ।

यदि तपाईसंग कम्तीमा ५ वर्षको अभिलिखित सेवा छ भने तपाईले आनुपातिक लामो सेवा भुक्तानीको लागि आवेदन दिन सक्नुहुनेछ र:

- तपाईले स्थायी रुपमा यस उद्योगमा काम गर्न छोड्नु भएमा, वा
- तपाईको मृत्यु भएको खण्डमा तपाईको व्यक्तिगत प्रतिनिधिले भुक्तानीको लागि आवेदन दिन सक्नेछ ।

## त्यसको लागि मैंले के गर्नु पर्दछ ?

- **यो सुनिश्चित गर्नुहोस् कि तपाईको सर्म्पक विवरणहरु सही छन्** - तपाई आफ्नो अभिलिखित सेवाको बारेमा महत्वपूर्ण जानकारीहरु प्राप्तिको सुनिश्चित गर्न, आफ्नो विवरणहरु जाँच र अद्यावधिक गर्न अनलाईन मार्फत www.longservice.nsw.gov.au/online-portal मा जानुहोस् ।
- **आफ्नो वार्षिक विवरण जाँच गर्नुहोस्** - हरेक वर्ष तपाईको अभिलिखित सेवा सहितको विवरण अनलाईनमा उपलब्ध हुन्छ । तपाईको सबै सफाई सम्बन्धि कामहरु यस विवरणमा अभिलिखित भएको छ भन्ने कुराको सुनिश्चित गर्न जाँच गर्नुहोस् ।

## लामो सेवा निवृत्तिभरणबाट कसरी फरक छ ?

निवृत्तिभरण भनेको तपाईको रोजगारदाताले तपाईको नाममा योगदान गरको अवकाश कोष हो । पोर्टेबल लामो सेवा सबै कामदारहरुको तर्फबाट निवेश गरिएको एक सामान्य एकत्रित कोष हो जसमा तपाईको नामको खातामा सिधै जम्मा गरिदैन । जब तपाईसँग पर्याप्त सेवा हुन्छ तब कामबाट बिदा दावी गरी तपाई बस्न सक्नुहुन्छ र हामी भक्तानी गर्दछौं ।

### दोभाषिक सेवाहरु

TRANSLATING AND INTERPRETING SERVICE

यदि तपाईलाई दोभासेको आवश्यता परेमा राष्ट्रिय अनुवादन तथा दोभाषिक सेवा (**TIS National**) लाई १३ १४ ५० मा फोन गर्नुहोस् र १३ १४ ४१ मा **लामो सेवा निगम** लाई फोन गर्न भन्नुहोस् ।

हाम्रो व्यवसायिक समय विहानको ८:३० - साँझको ५:०० सोमवार देखि शुक्रवार

तपाई TIS National को वेभसाइटमा गई TIS National ले प्रदान गर्ने अनुवादित सेवाहरुको वारेमा जानकारी प्राप्त गर्नु सक्नुहुन्छ ।

www.tisnational.gov.au मा जान सक्नुहुन्छ ।

Interpreter

121118CCI